दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

५ नं. प्रदेश, नेपाल

प.सं.२०७६।०७७

च.नं.

मिती : २०७७।०९।१९

## सुचना । सुचना ॥ सुचना ॥।

यस दंगिशरण गाउँपालिकाको पशुपन्छी सेवा शाखाबाट मिति २०७७।०९।१९ गतेदेखी गाई भैसी तथा बाखाहरुमा नश्ल सुधारका लागि कृत्रिम गर्भाधानको कार्यक्रम शुरु गरिने भएकोले पशुहरुले साँढे/रागोँ /बोका खोजेको (शुरुको लक्षण देखियको) १२ देखी १८ घन्टा भित्र तथा बाखामा २० देखी २७ घन्टा भित्र यस पशुपन्छी सेवा शाखामा पशुहरु ल्याई कृत्रिम गर्भाधान गराउनुहुन आम पशुपालक कृषकहरुमा अनुरोध छ ।

**कृत्रिम गर्भाधानका फाईदाहरु**

१.स्थानिय जातबाटै वर्णशंकर(हाईब्रिड) जातको पशु उत्पादन गरी दुध तथा मासु उत्पादनमा बृद्धि गर्न।

२.साँढे पाल्ने झन्झट बाट मुक्त हुन ।

३.हाडनाता प्रजनन् हुनबाट रोक्न ।

४.संक्रामक रोगहरु बाट बचाउन ।

**पशुहरुले साँढे/रागो खोजेका (हिटका) लक्षणहरु**

१.चन्चल हुने/कराउने / कान ठाडा बनाई यता उता हेरी रहने ।

२.अर्को पशुमाथि उक्लने (हिटको शुरुको अवस्थामा) अर्को पशुलाई उक्लन दिने (हिटको अन्तीम अबस्थामा)।

३.योनीद्धार फुल्ने/योनीद्धारबाट पातलो सेप बगाउने(हिटको शुरुको अवस्थामा) बिस्तारै सेप बाक्लो हुदै जाने (अन्तिम अवस्थामा)

४.ढाडमा हात राख्दा शरिर तन्काउने ।

५.तारन्तार पिसाब फेरीरहने ।

**उपरोक्त लक्षण शुरुभएको १२ घन्टा देखी १८ घन्टाको बिचमा (भैसी गाईमा) र बाखाहरुमा २० घन्टा पछि २७ घन्टा भित्रमा पशुपन्छी सेवा शाखामा सर्म्पक राखि कृत्रिम गर्भाधान गराउनुहुन अनुरोध छ ।**

प्रमुख प्रशासकीय अधिकृत